नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

प.सं. :- ०७७/०७८
च.नं. ९८

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८
☎ ५२००३२
फ्याक्स ५२००९९

मिति : २०७८/०१/३० गते

**विषय: कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न २०७८/०१/३१ राति १२:०० बजेबाट ऐ. जेष्ठ २१ गते राती १२:०० बजेसम्म सिरहा जिल्ला भर लागु हुने गरी प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।**

**आदेश जारी भएको मिति -२०७८/०१/३०**

कोभिड-१९ दोस्रो स्वरुपको संक्रमण जोखिम न्यूनीकरण गर्न नेपाल सरकार (म.प.) को २०७८/०१/०६ तथा ऐ. १९ गते म.बै. को ३२१/५२८६ का निर्णय, CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित विषय र DCCMC सिरहाबाट मिति २०७८/०१/३० गते भएका निर्णय समेतलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्न आवश्यक देखिएको,

कोभिड-१९ दोस्रो लहरको संक्रमण अत्यन्त जोखिम स्थितिमा बढ्दै गएकोले सर्व साधारणको स्वास्थ्य हितलाई ध्यानमा राखी २०७८/०१/२१ गते जारी भएको आदेशको सट्टामा अव **२०७८/०१/३१ गते राती १२:०० बजेबाट ऐ. जेष्ठ २१ गते राती १२:०० बजेसम्म लागु हुने गरी सिरहा जिल्ला भरकालागि** देहाय बमोजिम गर्न गराउन स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (३) एवम् संक्रामक रोग ऐनको दफा २ (२) बमोजिम सिरहाका प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८/०१/३० का दिन **जारी भएको आदेश ;**

क) यस आदेशमा उल्लेखित विषयको अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्वन गर्नु पर्नेछ।
ख) कार्यालयको काम र अति आवश्यक नपरी घर वाहिर हिडडुल नगर्न, वाहिर निस्कने समयमा मास्क लगाउन – दुरी कायम गर्न र आवश्यक्ता अनुसार स्यानीटाईजरको प्रयोग गर्न वा सावुन पानीले मिची मिची हात धुन अनुरोध छ।
ग) **आदेश अवधीमा गर्न पाईने तथा गर्न नपाईने क्रियाकलापहरु :**

| गर्न पाईने क्रियाकलाप (यस क्रियाकलापमा स्वास्थ्य सुरक्षाको मापदण्डअनिवार्य रुपमा पालना गरेको हुनु पर्नेछ।) | गर्न नपाईने क्रियाकलाप |
|---|---|
| १. **कामकैलागि खटिनु पर्ने परिचय पत्रधारी** कर्मचारी, स्वास्थ्यकर्मी, कृषि- उद्योग एवम् विकास आयोजना सम्वद्ध व्यक्ति, संचारकर्मी वाहेकको निजि तथा सार्वजनिक सवारी साधन नचलाउने । यसमा दमकल, एम्वुलेन्स, सुरक्षा निकाय, अस्पताल, अत्यावश्यक पदार्थ ढुवानी तथा आपतकालीन उद्धारका सवारी साधन यथावत चल्ने। | १. हाटबजार, मेला, भेला, सामुहिक भोज, नाचगान, जुलुस -याली नगर्ने नगराउने।<br><br>तर निधो भै सकेको विवाह र धार्मिक सांस्कृति कृत्य स्वास्थ्य सुरक्षाको मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने शर्तमा न.पा./गा.पा. को कार्यालयको अनिवार्य लिखित स्वीकृतिमा मात्र १० जनामा नबढ्ने गरी विधि पु-याई सम्पन्न गर्ने। |

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरी गणना मेरी सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. ९८

| | |
|---|---|
| २. औषधी, पानी, दुध डेरी र पेट्रोलीयम पदार्थ निर्वाध रुपमा व्यवसाय गर्ने ।<br>सिरहा अस्पताल र छेउछाउका औषधी पसल २४ सै घण्टा खोल्नुपर्ने व्यवस्था मिलाउने । | २. डिजे बाजा नबजाउने र ध्वनी प्रदुषण नगर्ने । |
| ३. **कृषि, उद्योग तथा विकास निर्माण सम्वद्ध उत्पादन, ढुवानी, वितरण तथा निर्माण गर्न पाईने** तर हाट बजार लगाउन नपाउने । | ३. शैलुन, चिया तथा पान पसल, फैन्सी/कस्मेटिम, जिमखाना, स्पा, स्टिम बाथ/साउना, संचालन नगर्ने । |
| ४. खाद्यान्न, फलफुल र तरकारी पसल विहान ६:०० बजे देखि विहान ९:३० बजेसम्म संचालन गर्ने । | ४. होटल, खाजा पसल, रेष्टुरा संचालन नगर्ने । |
| ५. **निर्माण सामाग्री** : खसाली भण्डारण गर्न वाहेक विहान ९:३० बजे देखि अपरान्ह ५:०० बजेसम्म व्यवसाय गर्ने । | ५. बढी संक्रमण फैलन सक्ने बस, म्याजिक, अटो रिक्सा नचलाउने तर आकस्मिक रुपमा स्वास्थ्य सुरक्षाको मापदण्ड पु-याई **विरामीलाई सेवा दिन मात्र** वाधा नपर्ने,<br>**यसमा विरामीको सुविधालाई ध्यानमा राखी तोकिएको भन्दा बढी भाडा नलिने/नदिने ।** |
| ६. वर्कसप । | ६. CCMC को २०७८/०१/१२ को प्रेस विज्ञप्तिमा उल्लेखित व्यवस्था अनुरुप भौतिक उपस्थितिमा शिक्षण कक्षा वा परीक्षा संचालनमा रोक लगाए अनुरुप संचालन नगर्ने । |

यस आदेशको पालना गरी गराई कोभिड-१९ संक्रमणको जोखिम न्यूनीकरण गर्न स्थानीय तह, सुरक्षा निकाय, राजनीतिकर्मी, शैक्षिक क्षेत्र, सामाजिक संघ संस्था, संचारकर्मी, व्यपारिक/व्यवशायिक क्षेत्र एवम् सम्वन्धित सवै सरोकारवालको निरन्तर सहयोगकालागि अनुरोध छ ।
यस आदेशको उलंघन गर्ने गराउनेलाई सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले प्रचलीत कानून बमोजिम कारवाहीको दायरामा ल्याउने छ ।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी